# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## सोनाम ल्होसार २०७९ को शुभकामना सन्देश

आज तामाङ समुदायको महत्वपूर्ण पर्व **'२५५९ औं सोनाम ल्होसार'** । तामाङ समुदायबीच प्रचलित पञ्चाङ्ग अनुसार आजबाट एउटा वर्ष पूरा भई अर्को वर्ष सुरु भएको छ । यो नव वर्ष **'सोनाम ल्होसार'** ले हामी सबै माझ सुख, शान्ति र समृद्धि अभिवृद्धि हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

हाम्रा अन्य पर्वहरुझैं **'सोनाम ल्होसार'** लाई पनि हामी एउटा महत्वपूर्ण पर्व मान्छौं । बहुल जातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसांस्कृतिक समाजका अभिन्न अङ्गका रुपमा रहेको हाम्रो समाजमा हाम्रा सबै समुदायको प्रतिनिधीत्व रहेको छ । विविधतामा एकता, सद्भाव र सामाजिक सहिष्णुता एवम् बन्धुत्व र पारस्परिक मेलमिलाप नै हाम्रो समाजको मूल चरित्र हो । हाम्रा यस्ता राष्ट्रिय धरोहरप्रति हामी सबैले गौरवबोध गर्न सक्नुपर्दछ । यस्ता पर्वले हामीलाई सामुहिक हित, आपसी सम्मान र भाइचाराको सम्बन्ध विकास तथा विस्तारमा प्रेरित गर्न सकोस् भन्ने पुनः एक पटक हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**२०७९ माघ ०८ गते आइतबार**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**